# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### सुदूरपश्चिमम प्रदेश, नेपाल

प.स. : ०८०/०८१
च.न. २७९५

विषय: - धनगढी उपमहानगरपालिका वडा न. ६ जाली स्थित फुल खेती गर्ने जग्गा ठेक्कामा दिने सम्बन्धि सिलबन्दी दरभाउ पत्रको सूचना।
प्रथम पटक प्रकासित मिति २०८०/०७/२३ गते

यस धनगढी उप-महानगरपालिका वडा न. ६ जालीमा रहेको धनगढ़ी पोलिटेक्निकको धनगढ़ी उपमहानगरपालिकाले फुल खेती गरिरहेको घेरावार र बोरिंग गरिएको ०-१३-१० जग्गा ५ बर्षको लागि फुल खेति गर्न भाडामा दिनु पर्ने भएकोले उक्त जग्गामा फुल खेति गर्न ईच्छुक फुल खेती सम्बन्धी तालिम लिएका र फुल खेती गरी रहेका व्यक्ति, कृषि फर्म/संस्थाबाट देहाय वमोजिमको शर्तको अधिनमा रही १५ (पन्ध्र) दिन भित्र सिलबन्दी दरभाउ पत्र पेश गर्नका लागि सम्बन्धित सबैका लागि यो सूचना प्रकासित गरिएको छ।

**शर्तहरू**

१. ठेक्काको न्यूनतम बढाबढ रकम मु.अ.कर बाहेक बार्षिक रु. १,३५,००० (अक्षरुपि एक लाख पैतिस हजार मात्र) रहेको छ।
२. सिलबन्दी दरभाउ पत्र खरिद गर्न चाहने ईच्छुक व्यक्ति, कृषि फर्महरुले दर्ता नविकरणको प्रमाण पत्रको प्रतिलिपि, पुष्प खेती सम्बन्धि तालिम लिएको प्रमाण पत्रको प्रतिलिपि र कर चुक्ता प्रमाण पेश गर्नु पर्नेछ।
३. टेण्डर डकुमेन्ट खरिद गर्नका लागि रु.१,०००।– (एक हजार मात्र) तिरी खरिद गर्नु पर्नेछ।
४. जग्गाको बार्षिक ठेक्का रकम ठेकेदारले टेण्डर फारममा अंक र अक्षर दुवैमा स्पष्ट गरी लेख्नु पर्नेछ। फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।
५. ठेक्काको समयावधि ५ (पाच) वर्षको हुनेछ।
६. टेण्डर डकुमेन्ट मिति २०८०/०८/०७ गते भित्र खरिद गरि सक्नु पर्नेछ। दर्ता गर्ने अवधि मिति २०८०/०८/०८ गते दिनको १२ बजे सम्म हुने छ र दरभाउ पत्र सोहि दिन दिनको २:०० बजे खोलिनेछ। सो समयमा बोलपत्र दाता वा निजले तोकेको व्यक्ति उपस्थित हुनु पर्नेछ। उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
७. बोलपत्र खरिद गर्ने, पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा लगतै कार्यालय खुलेको दिन सो सम्बन्धि काम हुनेछ।
८. सिलबन्दी दरभाउ पत्र दर्ताले आफुले कबोल गरेको बार्षिक रकमको ५% रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक स्थित धरौटी खाता (हि.न. ४१७०१००३०३००००००२) मा जम्मा गरेको सक्कलै भौचर वा सो रकम बराबर को १२० दिन म्याद भएको नेपाल राष्ट्र बैकबाट "क" वर्ग को मान्यता प्राप्त वाणिज्य बैंकको बैंक जमानत पत्र (विडवण्ड) पेश गर्नुपर्नेछ।
९. दोश्रो पक्षले सम्झौताका बखत आफुले कबोल गरेको रकमको एक वर्ष बरावर हुन् आउने रकम धरौटी बाफत नगद जमा गरी सोको सक्कल भौचर पेश गर्नु पर्ने छ।

रामलाल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत
(रा.प.प्रथम श्रेणी)

कार्यालय : ०९१-५२११२९ , प्र.प्र. अधिकृत : ५२०४२९ अ., ५२१४२९ नि., दमकल : १०१, फ्याक्स : ५२११२९, प्र.शा. ५२०७२९

# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### सुदूरपश्चिम प्रदेश, नेपाल


प.स. : ०८०/०८१
च.न. : २८९५

१०. यस कार्यालयको महालेखा परिक्षकको प्रतिबेदनमा बेरुजु उल्लेख भएका फर्म वा कम्पनीहरुले यस सूचना अनुसार बोलपत्र प्रस्ताव पेश गर्नका लागि भ्याट समायोजन गरेको सम्बन्धित अन्तरिक राजश्व कार्यालयको पत्र पेश गरेपछि मात्र योग्य हुनेछन् । यस व्यहोरा अनुसार सम्बन्धि फर्म वा कम्पनीले आफ्नो बेरुजु बिबरण यस कार्यालयको लेखा शाखामा रहेको महालेखा परिक्षकको प्रतिबेदनबाट हेर्न समेत सुचित गरिन्छ ।

११. सम्झौता अनुसार कार्यालयलाई वुझाउने रकममा प्रत्येक बर्ष १०% ले बृद्दी हुदै जाने छ र बृद्दी गरिदा बढेकै रकमलाई आधार मानिनेछ ।

१२. कुनै पनि अवस्थामा किस्ता रकम छुटको लागि हक दाबी गर्न पाईने छैन ।

१३. दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । यस सम्बन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

१४. यो सूचनामा उल्लेख हुन छुट भएका विषयहरु प्रचलित ऐन/कानुन बमोजिम हुनेछ ।

१५. मु.अ.कर बुझाएको प्रमाण पेश गरेपछि मात्र परफरमेन्स वण्ड फुकुवा गरिनेछ ।

१६. यो सूचना धनगढी धनगढी उप-महानगरपालिकाको सूचना पाटी र वेभसाइट www.dhangadhimun.gov.np बाट समेत हेर्न सकिनेछ ।

१७. जग्गा भाडामा लिने व्यक्ति/कृषि फर्म/संस्थाले उक्त जग्गामा फुल खेती, फुलको बिरुवा, कट फ्लावर, सजावट सामाग्री आदिको उत्पादन मात्र गर्न पाउने छ । अन्य खेती गर्न वा अन्य प्रयोजनामा उक्त जमिनको प्रयोग गर्न पाउने छैन ।

.....................................

प्रमुख प्रशासकीय अधिकृत

रामलाल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत
(रा.प.प्रथम श्रेणी)

कार्यालय : ०९१-५२११२९ , प्र.प्र. अधिकृत : ५२०४२९ अ., ५२१४२९ नि., दमकल : १०१, फयाक्स : ५२११२९, प्र.शा. : ५२०७२९